आज मिति २०८२/०४/२२ गते यस निस्दी गाउँपालिकाको ९० औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

**मिति २०८२। ०४।२२ गते बसेको निस्दी गाउँपालिकाको ९० औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. तिज गित प्रतियोगिता संचालन सम्वन्धमा ।

३. पालिकास्तरीय खेलमैदान निर्माण सम्वन्धमा ।

४. माग आकृति फारम प्रतिवेदन स्वीकृत सम्वन्धमा ।

५. विविध ।

## मिति २०८२।०४।२२ गते बसेको निस्दी गाउँपालिकाको ९० औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो। सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत तिज गित कार्यक्रम सम्पूर्ण वडामा मिति २०८२/०५/०६ गते संचालन गर्ने र पालिकास्तरीय तिज गित प्रतियोगिता कार्यक्रम मिति २०८२/०५/०८ गते संचालन गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो। वडा स्तरीय कार्यक्रमा प्रथम पुरस्कार रु ६ हजार , द्वितिय पुरस्कार रु ५ हजार ,तृतिय पुरस्कार रु ४ हजार र सहभागी यातायात खर्च रु २ हजार प्रदान गर्ने निर्णय गरियो। तिज गित प्रतियोगिताको शिर्षक समृद्द निस्दी निर्माणमा महिलाको भूमिका शिर्षकमा १५ मिनेट नबड्ने गरी तयार गर्नुपर्नेछ। वडाको उत्कृष्ट २ टिमलाई पालिका स्तरको कार्यक्रममा सहभागी गाराई प्रथम पुरस्कार रु ७ हजार द्वितिय पुरस्कार रु ६ हजार र तृतिय पुरस्कार ५ हजार र सहभागी पुरस्कार २ हजार प्रदान गर्ने , र सहभागीको लागी प्रत्येक वडाबाट २ वटा जिप यातायातको लागि व्यवस्था गर्ने साथै ३ बर्ष लागातार पालिका स्तरमा प्रथम हुने टिम लाई शिल्ड प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा नेपाल सरकार शहरि विकास मन्त्रालय सघन शहरी तथा भवन निर्माण आयोजनाको च.नं १४२ मिति २०८२/०४/१८ गतेको पत्रानुसार निस्दी ४ झ्यालटुङडाँडा खेलमैदान तथा हरियाली पार्क निर्माण , रु ३ करोड योजना बारे छलफल तथा अवगत भयो। उक्त पत्रमा माग गरिएको प्रतिवद्दता तथा सहयोग गर्ने गरी प्रति उत्तर पठाउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग , लुम्बिनी प्रदेश बाट रिक्त पदको लागि पदपुर्ति गर्न माग आकृति फारमको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो।

क ) नदिजन्य पदार्थ उत्खनन् गर्नको लागी यस गाउँपालिकाबाट स्वीकृत आ.ई ई. अनुसार घाट को आय ठेक्का गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो। साथै ब्याकहोलोडर क्याटलग विधिबाट खरिदको लागि आवश्यक तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

ख ) मिति २०८२/०४/१५ गते बसेको गाउँ शिक्षा समिति बैठक को निर्णयलाई सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

ग ) कृषि स्नातक छैठौं माग पद-०१ र मनोसामाजिक परामर्शकर्ता पाँचौ माग पद-०१ को बिज्ञापन गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

२०८२।४।२२

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
नित्याल,पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष